# बाह्रदशी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
चकचकी, झापा
नेपाल
१ नं. प्रदेश

प.सं. ७९।८०
च.नं. 6

मिति :-२०७९/०४/०२

श्री वडा कार्यालय
सबै,

**विषय: सामाजिक सुरक्षा नविकरण / सुचिकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता विवरणलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी ढङ्गले वितरण गर्न सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम (४) को उपनियम (१) बमोजिम तथा नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ९ मिति २०७९।०४।०१ गतेको पत्रानुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गते देखि कार्तिक मसान्त सम्ममा सम्बन्धित वडा कार्यालयमा नविकरणको लागी निवेदन दिनुपर्ने उल्लेख भएतापनि हाल आर्थिक वर्ष २०७९।८० को वजेट वमोजिम त्रैमासिक वजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने भएकोले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको लाभग्राहीहरुले स्वयं उपस्थित भई भदौ मसान्तभित्र अनिवार्य सामाजिक सुरक्षा भत्ताको नविकरण गरिसक्नु पर्ने जानकारी गराउदै तँहा वडाभित्र रहेका लाभग्राहीहरुको नविकरण कार्य गर्न सार्वजनिक सुचना प्रकाशन गरि सम्पुर्ण लाभग्राहीहरुको परिचयपत्र नविकरण गर्नुहुन अनुरोध छ । साथै बालबालिका, पुर्ण अपाङ्गता, ९० वर्ष माथि र आफै उपस्थित हुन नसक्ने को हकमा संरक्षक, माथवर, स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिएमा नविकरण गरिदिनु पर्ने व्यहोरा समेत अनुरोध छ । साथै नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ९ मिति २०७९।०४।०१ गतेको पत्रानुसार नागरिकता प्रमाणपत्र बमोजिम ६८ वर्ष पूरा भएको लाभग्राहीको सूचिकरण गर्नुहुन र लाभग्राहीको प्रमाणपत्रमा उल्लिखित जन्म मिति लगायतको विवरणमा कुनै अस्पष्टता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयबाट अभिलेख झिकाइ यथार्थ विवरण यकिन गर्नु गराउनुहुन समेत अनुरोध गरिन्छ ।

आवश्यक कागजातहरु :

१. नागरिकता प्रमाणपत्र को प्रतिलिपी र पासपोर्ट साइजको २ प्रति फोटो
२. बैंक खाता नम्बर र सम्पर्क नम्बर
३. बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपी
४. असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण
५. अपाङ्गताको हकमा गाउँपालिका बाट जारी भएको अपाङ्गता परिचय पत्रको प्रतिलिपी
६. न्यायिक पृथकीकरण गरि बसेको महिलाको हकमा अदालतबाट न्यायिक पृथकीकरण प्रमाण
७. हाल सम्म विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस

| |
|---|
| नोट : तोकिएको समयमा नविकरण नगराएमा वा तोकिएको कागजात पेश नगरेमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन र पुर्ण नयाँ दर्ता प्रकिया द्धारा निवेदन दिएमा नयाँ निवेदक सरह भत्ता उपलब्ध हुनेछ । |

..........................
ज्ञान बहादुर पौडेल
नि. प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत